कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः २ सङ्ख्याः ४ प्रकाशन मितिः २०७७/०६/०५

कार्यपालिकावाट स्वीकृत मिति २०७७/०६/०२

## भाग - २

रमणीय पर्यटन क्षेत्र (संचालन एवं व्यवस्थापन) कार्यविधि
२०७७

प्रस्तावना : कनकाई नगरपालिका वडा नं. ८ मा रहेको रमणीय पर्यटन क्षेत्रमा पर्यटन विकास, पर्यटन प्रर्वद्धन तथा पर्यटकिय क्षेत्रको प्रचारप्रसार संरक्षण गर्न आवश्यक भएकोले कनकाई नगरपालिकाको प्रशासकीय कार्य्रविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी यो “रमणीय पर्यटन क्षेत्र संचालनएवं व्यवस्थापन २०७७ कार्यविधि”बनाई जारी गरिएको छ।

कनकाई राजपत्र

२) संक्षिप्तनाम र परिभाषा :

क) यो कार्यविधिको नाम : रमणीय पर्यटन क्षेत्र (संचालनएवं व्यवस्थापन) कार्यविधि २०७७
रहेको छ ।

ख) यो कार्यविधिकार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

३) परिभाषा :

क) कार्यविधिभन्नाले रमणीय पर्यटन क्षेत्र (संचालनएवं व्यवस्थापन) कार्यविधि २०७७ सम्झनुपर्दछ ।

ख) संचालक समितिभन्नाले दफा ४ क बमोजिम गठित संचालक समितिलाई बुझ्नुपर्दछ ।

ग) सल्लाहकार समितिभन्नाले संचालक समितिलाई आवश्यक राय सुझावप्रदान गर्न गठित प्रबुद्ध व्यक्तिहरु सम्मिलितदफा ४ग बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

४) संचालक समिति गठन, कामकर्तव्य र अधिकार :

क) तपशिलबमोजिम संचालक समिति गठन हुनेछ ।

- सम्बन्धित वडाका वडाध्यक्ष-अध्यक्ष
- मनोनितउपाध्यक्ष १ जना
- सरोकारवालाअन्य संघसंस्थाप्रतिनिधि२ जना-सदस्य
- नगरप्रमुखले तोकेको २ जना-सदस्य
- पर्यटन क्षेत्रका स्थानियबासिन्दा २ जना-सदस्य
- सम्बन्धितशाखा हेर्ने कर्मचारी-सदस्य सचिव

यसरी ४ (क) बमोजिम गठित समितिमाकम्तीमा तेत्तिस प्रतिशतमहिलाअनिवार्य हुनुपर्नेछ ।

४ (ख) संचालक समितिको कामकर्तव्य अधिकार

क) दफा ५ बमोजिम खडा भएको कोष परिचालन गर्ने

ख) रमणीय पर्यटन क्षेत्रको व्यवस्थापन गर्ने

ग) पर्यटन क्षेत्रको प्रचारप्रसार गर्ने एवं अन्यनिकायसँग समन्वय गर्ने

घ) आवश्यकताअनुसार अन्यकार्य गर्ने

ङ) संघ/प्रदेश/स्थानिय तहबाट प्राप्त योजना संचालन गर्ने

च) स्थलको सुरुक्षा र व्यवस्थापन गर्ने

४ (ग) सल्लाहकार समितिको गठन, काम, कर्तव्य र अधिकार

क) तपशिलबमोजिमको सल्लाहकार समितिकोगठन गरिनेछ ।

- नगर प्रमुख - संयोजक
- नगरस्तरीय वनवातावरण समिति-सदस्य
- स्थानीय क्षेत्रका बुद्धिजीवि- २ जना सदस्य
- नगरप्रमुखले तोकेको एक जनाजनप्रतिनिधि - सदस्य

ख) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार

क) दफा ४ (क) बमोजिम गठित संचालक समितिलाई आवश्यक सल्लाह सुझावप्रदान गर्ने

ख) पर्यटकीय क्षेत्रको प्रचारप्रसार एवं प्रर्वद्धनमा सहयोग गर्ने

५) कोष सम्बन्धीव्यवस्था :

१) रमणीय पर्यटन क्षेत्र संचालनएवं व्यवस्थापन गर्न १ कोषको व्यवस्था गरिनेछ ।

२) ५(१) बमोजिम गठित कोषमा देहायबमोजिम रकम रहनेछ ।

क) संघ/प्रदेश/स्थानिय तहबाट प्राप्त रकम

ख) टिकट विक्रीएवं पिकनिकबाट उठाइने रकम

ग) अन्यश्रोतबाट प्राप्तहुने रकम

३) कोषको लेखांकनएवं लेखा परीक्षण नेपाल सरकारको नियमानुसार हुनुपर्नेछ ।

६) विविध :

क) संचालक समितिले आफ्नो कार्य संचालन गर्न आवश्यककर्मचारीको व्यवस्थापन गर्न सक्नेछ ।

ख) आवश्यकताअनुसार प्रवेश शुल्क, वनभोज शुल्कएवं अन्यशुल्कलिन सक्नेछ ।

आज्ञाले

मोहनप्रसाद न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत



कानुनीसुचनापत्र